"विपन्न वर्गको मानवअधिकार र खाद्यसुरक्षा प्रति सचेत गराउने हाम्रो प्रतिवद्धता"

वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०७४/०७५

सिविओ विकास केन्द्र (CBODC)
धनगढी कैलाली फोन नं. ०९१-५२६७४१
Email : cbodckailali@yahoo.com

परियोजना संचालन भएका गाविसहरु



विषय-सूचि

क स	विषय	पेज नं.
खण्ड क संस्थागत परिचय		
१	पृष्ठभुमी	१
२	परिकल्पना	१
३	ध्येय	१
४	लक्ष्य	१
५	लक्ष्य	१
६	उद्देश्य	१
७	मुल्यमान्यता	१
८	लक्षित समुदाय	२
९	कार्यक्रम संचालन प्रक्रिया	२
१०	फेडेरेसन कार्यसमितिको गठन प्रक्रिया	३
११	संस्थागत संरचना	३
१२	संस्था द्धारा संचालित कार्यक्रम तथा अवधी	४
१३	परियोजना विकास तथा कार्यान्यन प्रक्रिया	४
खण्ड ख संस्थाद्धारा संचालित विभिन्न कार्यक्रम		
१	**संस्थागत कृयाकलापहरु**	५
१.१	साधारण सभा तथा अधिवेशन	५
१.२	सहकारीको कोष परिचालन	५
१.३	सिविओ र फेडेरेसन विच अर्न्तक्रिया छलफल	५
१.४	सिविओ महासंघमा आवद्धता	६
२	**संचलित परियोजना**	६
१.१	सुलभ परियोजना परिचय	६
१.२	मुख्य कृयाकलापहरु	६
खण्ड ग परियोजना सन्वन्धि विवरणहरु		
१	कार्य समिति नामावली विवरण	९
२	कर्मचारीहरुको विवरण	९
३	सदस्य सि.वि.ओहरुको नामावली	९
४	परियोजना लक्षित जनसंख्या र घरधुरी संख्या	१०
५	सि.वि.ओ. तर्फका कर्मचारीहरुको नामावली विवरण	१०
६	सिविओ सदस्य संस्थाहरुको सम्पर्क विवरण	१०
७	सामुदायिक सदस्य सहकारी संस्थाहरुको सम्पर्क विवरण	१०
खण्ड घ लेखापरिक्षण प्रतिवेदन		
१	लेखा परिक्षण प्रतिवेदन	११
फोटा झलक		

खण्ड क
संस्थागत परिचय

१. पृष्ठभुमी :-

कैलाली जिल्लाको ५ वटा गा.वि.स.हरु फुलबारी, उर्मा, गदरीया, श्रीपुर र चौमालामा सशक्तिकरण प्रक्रियाद्वारा सर्बेक्षण गरी उपेक्षित घरधुरी पहिचान गरेर समूहको स्थापना भई सो समूहहरुको प्रतिनिधि संस्थाको रुपमा गठित सि.वि.ओ.हरुको पनि फेडेरेशनको रुपमा गठित सि.वि.ओ.विकास केन्द्र २०६२ सालमा स्थापना भई २०६२ सालमा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भएको हो । जसमा १६६ समूह र सन् १९९८ को सर्वेक्षणको आधारमा २७२९ वटा उपेक्षित घरधुरी आबद्ध रहेका छन् । सिविओ विकास केन्द्रले सन २००८ देखी सन २०१३ सम्म लुविफे नेपालको सहयोगमा नेपाल विकास कार्यक्रम र EPRI परियोजना संचालन गरेको छ भने सन २०१० देखी सन २०१७ मार्च सम्म वर्ल्डभिजन नेपाल संग साझेदारी गरि जिविकोपार्जन र 3PM परियोजना सफल पारी सम्पन्न गरेको छ । यसै गरि विकास कोष नर्वेको आर्थिक सहयोगमा सन २०१७ अप्रील देखी सन २०२० सम्मका लागी दिगो जिविकोपार्जका लागी विपन्न वर्गको पहुच (सुलभ) परियोजना संचालन गरिरहेको छ । उपेक्षित तथा पछाडी पारिएका समुदायको गरिबीका विरुद्धमा समुदायको क्षमता विकास गर्दै समुदायमा आधारित संस्था र सहकारीका माध्यम द्बारा उनीहरूको दिगो विकासका लागि विभिन्न संघ संस्था र समूहसँगको साझेदारीमा काम गर्नु सिविओ विकास केन्दको प्राथमिकता हो ।

२. परिकल्पना : -

सि.वि.ओ. विकास केन्द्रले आत्मनिर्भर, समुन्नत तथा न्यायपुर्ण समाजको सिर्जना भएको देख्न चाहन्छ ।

३. ध्येय : -

सि.वि.ओ.विकास केन्द्रले आत्मनिर्भर समुन्नत तथा न्यायपुर्ण समाजको सिर्जना गर्न उपेक्षित विपन्न वर्ग तथा तिनिहरुको संगठनहरुलाई प्रक्रियागत रुपमा सशक्तिकरण गर्ने ध्येय राखेको छ ।

४. लक्ष्यः -

उपेक्षित तथा विपन्न वर्गलाई अधिकार सम्पन्न बनाई उनीहरुको जीवनस्तर माथि उकास्ने यसको लक्ष्य रहेको छ ।

५. उद्देश्यहरु : -

- समुदायमा आधारित संस्थाहरु (सि.वि.ओ.) लाई संगठित र सुदृढिकरण गर्ने ।
- विपन्न तथा उपेक्षित वर्ग र तिनीहरुको संगठनको क्षमता विकास गर्ने ।
- विषयगत रुपमा पूर्वतयारी तथा जनचेतना जगाउन अभिवृद्धि गर्न आवश्यक कार्यक्रम गर्ने ।
- विपन्न तथा उपेक्षित वर्गको साझा सवालमा अधिकार प्राप्तिका लागि वकालत गर्ने ।
- विपन्न तथा उपेक्षित वर्गको जीवनस्तरमा सुधार गर्न जीविकोपार्जन कार्यक्रम सन्चालन गर्ने ।

६. कार्यक्षेत्र : -

कैलाली जिल्लाका धनगढी उपमहानगरपालिका, गोदावरी नगरपालिका, गौरीगंगा नगरपालिका,कैलारी गाउपालिका, घोडाघोडी नगरपालिका र पिछडिएको क्षेत्रमा सुचिकृत मोहन्याल गाउपालिका रहेको छ ।

७. मूल्यमान्यता : -

- पारदर्शिता
- जनसहभागिता
- जवाफदेहिता र इमान्दारिता
- उपेक्षित र विपन्नको अधिकारको कुरा उठाउने
- आपसी सद्भाव
- अधिकार र कर्तव्यपालन

८. लक्षित समुदाय : -

- आर्थिक, सामाजिक, भौगोलिक रुपले उपेक्षित समदुाय
- महिला (एकल, उपेक्षित, गरिब)
- दलित, सुकुम्बासी, जनजाति आदिवासी र बालबालिका
- एच.आइ.भी.एड्स संक्रमित अथवा प्रभावित, गरिब र विपन्न वर्गहरु (महिला र पुरुष)

९. कार्यक्रम सञ्चालन प्रक्रिया :-

यस संस्थाको योजना निर्माण प्रक्रिया सहभागितामुलक रहिआएको छ र तलबाट माथिको अवधारणालाई समेटेको छ । जसमा निम्न रेखा चित्रबाट स्पष्ट पारिएको छ :



समूह, सिविओ र संस्थाको कामलाई बढि प्रभावकारी बनाउनका लागि हरेक बर्ष समूहको तहमा "वार्षिक समूह सभा", सिविओको तहमा बार्षिक सिविओ सभा र संस्थाको तहमा बार्षिक साधारण सभाको आयोजना गर्ने र उक्त सभामा अघिल्लो वर्षको प्रतिवेदनको प्रस्तुती, त्यसको समीक्षा गर्दै आगामी बर्षको लागि योजना बनाउने गरिन्छ । योजना कार्यान्वयनका लागि सिविओ विकास केन्द्रले नियमित अनुगमन, समूह र सिविओहरुको मुल्याङ्कन र पृष्ठपोषण दिने गर्दछ । योजना कार्यान्वयन गर्ने क्रममा यस केन्द्रले वार्षिक योजनालाई सिविओहरुको योजनाको आधारमा विभाजन गरी सम्झौता गर्ने गर्दछ । सोहि सम्झौताको आधारमा समूहहरुमा सहयोग गर्नका लागि सिविओको खातामा रकम जम्मा गर्दछ । सिविओले समूहहरुको योजना र समस्याको प्राथमिकताको आधारमा कुन समूहलाई सहयोग गर्ने भनी निर्णय गरी सहयोग प्रदान गर्दछ । घरपरिवारमा सहयोग पुग्नु पर्ने ठाउँमा समूहहरुको निर्णयको आधारमा सिविओले समूहमार्फत् सहयोग गर्दछ । सम्पन्न भएका कार्यक्रमहरुको सार्वजनिक लेखापरीक्षण गर्ने कार्य हुन्छ । सोको अनुगमन यस केन्द्रले गर्दछ । गरेका कार्यहरुको सिविओहरुले पठाएको प्रतिवेदनको

आधारमा यस केन्द्रले मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरुमा पेश गर्ने गर्छ । साथै कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि नगर स्तरमा नगर वा गा.पा. सल्लाहकार समिति र जिल्लास्तरमा जिल्ला सल्लाहकार समितीको बैठकहरुमा स्थानिय निकायको अध्यक्षतामा समन्वय बैठक बसी एक अर्काले गरेको र गर्न सकिने सरसहयोगको बारेमा छलफल गरी सल्लाह सुझाव लिएर कार्यक्रमलाई अगाडि बढाउन मद्दत पुगेको छ ।

९. फेडेरेसन कार्यसमितीको गठन प्रक्रिया :-

समूह, सिविओ र संस्थाको कार्यसमितीमा समावेशिकरण तथा प्रजातान्त्रिक अभ्यासलार्य प्रभावकारी बनाउनका लागि हरेक बर्ष समूहको तहमा “वार्षिक समूह सभा”, सिविओको तहमा “बार्षिक सिविओ सभा” र फेडेरेसन संस्थाको रुपमा रहेको सिविओ विकास केन्द्र तहमा “बार्षिक साधारण सभा” को आयोजना गर्ने र उक्त सभामा अघिल्लो वर्षको प्रतिवेदनको प्रस्तुती, त्यसको समीक्षा गर्दै आगामी बर्षको लागि योजना बनाउने गरिन्छ । सिविओ सभाका लागी हरेक समुह सभावाट समावेशिकरण मिलाई २ जना सभासद सिविओ सभाका लागी छनौट गरि पठाइन्छ र सिविओको वार्षिक साधारण सभाले आफ्नो सिविओमा रहेका हरेक ५ समुह वरावर १ जना सभासद सिविओ विकास केन्द्रलाई छनौट गरि पठाइन्छ । जसमा समाजसेवा समितिवाट ७ जना, पिडित मुक्ति समाजवाट ६ जना, एकता समाजवाट ७ जना, सशक्तिकरण मुल समितिवाट ५ जना र स्वयम जागृति समाजवाट ९ जना गरि ३२ जना सभासद छनौट भई सिविओ विकास केन्द्रको साधारण सभामा सहभागी हुन्छन । यिनै सभासदवाट सिविओ विकास केन्द्रको कार्यसमितीका लागी उमेदवार भई सहमति तथा निर्वाचन प्रक्रिया मार्फत कार्यसमितीको गठन हुन्छ ।

१०. संस्थागत संरचना :



११. संस्थाद्वारा संचालित कार्यक्रम तथा अवधि

क स	परियोजनाको नाम	सुरुवात	समाप्ती	साझेदार संस्था
१	दिगो जिविकोपार्जमा विपन्न समुदायको पहुच	अप्रिल २०१७	डिसेम्वर २०२०	विकास कोष नर्वे
२	जिविकोपार्जन परियोना	नोभेम्वर २०१०	मार्च २०१७	वर्ल्ड भिजन ईन्टरनेशनल
३	3PM परियोजना	जुलाई २०१४	मार्च २०१७	वर्ल्ड भिजन ईन्टरनेशनल
४	खाद्यसुरक्षा मार्फत गरिवी न्युनिकरणमा पहल परियोजना	अक्टुवर २०११	सेप्टेम्वर २०१४	लुथरन विश्व फेडेरेसन नेपाल
५	संकटासन्न समुदायको दिगो जिविकोपार्जन कार्यक्रम	अक्टुवर २००९	सेप्टम्वर २०११	लुथरन विश्व फेडेरेसन नेपाल
६	नेपाल विकास कार्यक्रम	२००८	२०१०	लुथरन विश्व फेडेरेसन नेपाल

१२. परियोजना विकास तथा कार्यान्यन प्रक्रिया



वर्षा शुरु हुनु अघि नै प्रकोप पूर्वतयारी र योजना तय गरौं ।
तयार गरिएका योजनाहरु कार्यान्वयनमा अधिकतम पहल गरौं ।

खण्ड ख
संस्थाद्वारा संचालित विभिन्न कार्यक्रम

१ सस्थागत कृयाकलापहरु

१.१ साधारण सभा तथा अधिवेशन :

संस्थाको नियमित कार्यक्रम अनुसार मिति २०७५ वैषाख १६ गते ११ औ साधारण सभा तथा छैठौं अधिवेशन चौमालामा रहेको समाजसेवा समितिको हलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष जगत वहादुर चौधरीले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख अतिथि गौरीगंगा नगरपालिकाका उप-मेयर अञ्चला चौधरी रहनु भएको थियो र कार्यक्रम सञ्चालन सचिव रुपनारायण चौधरीले सञ्चालन गर्नु भएको थियो । कार्यक्रमको पहिलो खुला सत्रमा संस्थागत प्रगति प्रतिवेदन अध्यक्ष जगत चौधरीले र आर्थिक प्रतिवेदन कोषाध्यक्ष मनवारु चौधरीले प्रस्तुत गर्नु भएको थियो । उक्त दुबै प्रतिवेदन सभाबाट सुझाव सहित पारित गरिएको थियो र संस्थाको नीतिगत विषयवस्तु (GESI नीति सम्बन्धमा, मानव श्रोत विकास, कर्मचारी प्रशासन नियमावली, संस्थाको आर्थिक नियमावली, छलफल गरी पारित गरिएको थियो । उक्त साधारण सभावाट आ.व. २०७४/०७५ को वार्षिक कार्यक्रम र बजेट समेत पारित गरिएको थियो । साथै दोस्रो वन्द सत्रमा उक्त साधारण सभावाट गठित निर्वाचन समिती संयोजक शेरवहादुर वोगटीको पहलमा सहमतीको प्रक्रियावाट राधा देवी ओलीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन भएको थियो ।

१.२ सहकारीको कोष परिचालन :

सिविओ विकास केन्द्रका ५वटै सिविओ अर्न्तगत स्थापित भएका सहकारीमा वचत तथा ऋण कार्यक्रम वाट दिनानु दिन कोष वृद्धि हुदै आएको छ । विगत २०६६ साल देखी सहकारीताको मोडलमा काम गर्नका लागी डिभिजन कार्यालयमा विधिवत दर्ता भई कार्य गर्दै आउदा हाल ५ वटै सहकारीहरुको कुल पुजीँ ५ करोडको हाराहारीमा पुगेको छ । सुरुको अवस्थामा रु ५ वाट सुरु भएको वचतमा वानीको विकास भई मासिक २०० देखी ५०० सम्म वचत गर्न थालेका छन । यसरी सहकारीहरुले सदस्यको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु दिगो विकासको एक लक्षण मान्न सकिन्छ ।

१.३ सिविओ र फेडेरेसन विच अर्न्तक्रिया छलफल :

सिविओ विकास केन्द्र र सिविओ विच वार्षिक योजना अनुसार १ पटक अर्न्तक्रिया कार्यक्रम संचालन गरिएको छ । जसमा ५ वटा सिविओका १८ जना प्रतिनिधिहरु विच सिविओ र सिविओ विकास केन्द्रको आपसी सम्वन्ध र सहकार्यका वारेमा छलफल गरिएको थियो ।

१.४ सिविओ महासघमा आवद्धता

समुदायमा आधारित संस्थाहरुको संस्थागत तथा व्यवसायीकताको क्षमतामा वृद्धि गर्नका लागी महासंघको आवश्यकताको महशुस गरि महासंघको गठन गरिएकोमा सिविओ विकास केन्द्र संस्थापक सदस्य भएको छ ।

२ संचालित परियोजना

१.१ परियोजनाको नाम : दिगो जिविकोपार्जनमा विपन्न समुदायको पहुच (सुलभ) परियोजना

दातृ निकाय : विकास कोष नर्वे

परियोजना अवधि : २०१७ देखी २०२०

परिचय :

विकास कोष नर्वेको वित्तिय सहयोगमा सिविओ विकास केन्द्रद्धारा सन २०१७ देखि कैलाली जिल्लाको मोहन्याल गाउपालिका र घोडाघोडी नगरपालिकामा दिगो जिविकोपार्जनमा विपन्न समुदायको पहुच (सुलभ) परियोजना ६० वटा समुहका १३२३ घरधुरीमा संचालन गरिएको छ । विपन्न समुदायको पोषण अवस्थामा सुधार गर्नुका साथै कृषि तथा पशु पालनमा सुधार गर्दे गरिवि निवारणमा योगदान गर्नु परियोजनाको मुख्य उद्देश्य हो । परियोजना मार्फत उत्पादन वृद्धि, विपन्न युवाहरुलाई उद्यमी वनाउनका लागी विभिन्न सिपमुलक तालिम र सहकारी विकासका लागी विभिन्न कृयाकलाप सञ्चालन गर्दै आएको छ। सि.वि.ओ. विकास केन्द्रले जीविकोपार्जन सम्बन्धमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुसँग सम्पर्क समन्वयमार्फत् कार्यक्रमलाई अझ बढी प्रभावकारी र पारदर्शी रुपमा अगाडि बढाउँदै आएको छ । जसले गर्दा उपेक्षित समुदायको जीविकोपार्जनमा सुधार र स्वरोजगारीका अवसरहरु सिर्जना भई आत्मनिर्भर बन्न सकेका छन् । यसरी विपन्न समुदायको आम्दानीको अवसरमा विविधीकरण र वृद्धि भएको छ । सि.वि.ओ. विकास केन्द्रद्वारा सञ्चालित कार्यक्रमहरुको संक्षिप्त विवरण यस प्रगति प्रतिवेदनमा समेटिएको छ ।

१.२ यस आर्थिक वर्ष २०७४/७५मा संचालन गरिएका मुख्य कृयाकलापहरु यस प्रकार छन :

१) वाखापालन तालिम तथा सहयोग

मोहन्याल गाउपालिका को वार्ड नं. ५ अर्न्तगत पालनी गाउँमा रहेको सृजनशिल महिला कृषक समुहमा १६ जना सदस्यलाई ३ दिने वाखापालन तालिम पछि समुहको सहभागीतामा १० विपन्न सदस्यहरुको छनौट गरि वाखा सहयोग गरिएको छ । जसमा सदस्यहरुले सुधारिएको वाखाको खोर निर्माण गरेका छन ।

२) सुधारिएको वंगुर पालन तालिम तथा सहयोग

घोडाघोडी नगरपालिका वार्ड नं. २ सिरानगरमा रहेको जिवनजागरुक महिला समुह का १० जना विपन्न सदस्यहरुलाई घोडाघोडी नगरपालिका पशु सेवा शाखाको समन्वयमा तालिम दिई प्रति सदस्य ३ वटा वंगुर सहयोग गरिएको छ भने सदस्यहरुले आफ्नै योगदानमा सुधारिएको खोर निर्माण गरेका छन । अहिले सो समुह नगरपालिकामा वंगुरपालन समुहको रुपमा दर्ता भएको छ । अहिले ति सदस्यहरु आफ्नो वंगुर पनी सुधारिएको खोरमा राखेर पालन गरिरहेका छन ।

"घरेलु विषादीको प्रयोग गरी स्वस्थ तरकारी उत्पादन गरौं ।"
"रासायनिक विषादीको असरलाई घटाऔं,
जैविक विषादीलाई बढवा दिई वातावरण संरक्षणमा टेवा पुऱ्याऔं"

३) **विउ वृद्धिकालागी गहुखेति तालिम र विउ सहयोग**

साविक रामशिखरझाला र साडेपानी मा रहेका ४ समुहमा अपि हिमाल विउ कम्पनीसंगको सहकार्यमा ७४ सदस्यलाई सुधारिएको गहुँ खेति तालिम र गौतम र विजय जातका मुल विउ सहयोग गरिएको थियो । जसवाट सदस्यहरुले उन्नत जातको विउ उत्पादन गरि उच्च मुल्यमा विक्रि गर्न सफल भएका छन ।

४ **तरकारी खेति तालिम तथा विउ सहयोग**

तरकारी खेतिमा उत्पादन क्षमता वृद्धि गराउने उद्देश्यले व्यवसायिक तरकारी खेती तलिम ५३ जनालाई प्रदान गरिएको थियो । ५३ जनालाई उन्नत तथा हाईव्रिड विउ सहयोग गरिएको थियो ।

५ **प्लाष्टिक टनेल र थोपा सिचाई सहयोग**

वार्है महिना व्यवसयिक तरकारी खेतिगर्नका लागी १० जना कृषकहरुलाई प्रति व्यक्ति २ वटा प्लाष्टिक घर र २ वटा थोपा सिचाई सहयोग गरिएको थियो । सहभागीहरुलाई कृषि विकास शाखा संग समन्वय गरि टनेल घर निर्माण गर्न र खेत ीगर्ने तारिका वारे ३ दिने तालिम पनी प्रदान गरिएको थियो ।

६) **सहकारीको क्षमता अभिवृद्धि तालिम र सामाग्री सहयोग -**

सिविओ विकास केन्द्रले परियोजना संचालनका लागी सामुदायिक साझेदारका रुपमा छानीएका ३ वटा सहकारीको क्षमता वृद्धिको क्रममा यस वर्ष आदर्श कृषी सहकारी संस्थाको वैङ्किक काउन्टर र डेल व्रान्डेट डेस्कटप कम्प्युर सहयोग गरिएको छ । जसवाट सहकारीको कार्यदक्षता वढ्नुका साथै सफ्टवेयरमा काम गर्न सुरु भएको छ । जसले सहकारीको कार्यक्षमतामा वृद्धि हुनुका साथै पारदर्शिता वृद्धि हुने छ ।

७) **सहकारी घुम्तिकोष सहयोग**

परियोजना समापनमा परियोजनाले गरेका कार्यक्रमहरुको दिगोपना तथा विपन्न वर्गलाई व्यवसाय सुरुवातका लागी आर्दश कृषी सहकारी संस्थालाई २ लाख ५० हजार रुपैया घुम्तीकोष सहयोग गरिएको छ जसलाई ६ प्रतिशत व्यजदरले विपन्न सदस्यलाई ऋण परिचालन गर्नु पर्नेछ ।

८) **लैङिगक संवेदनशिलता तथा महिला श-सक्तिकरण तालिम**

स्थानिय स्तरका महिला समन्धी सवाल तथा महिला अवस्थामा कसरी समता ल्याउन सकिन्छ र लैङिक संवेदनशिलताको अवस्थाका वारेमा सुसुचित गर्नका लागी २ दिने तालिम २ ठाउमा २ वटा लैङ्गिक संवेदनशिलता तथा महिला श-सक्तिकरण तालिम सम्पन्न गरिएको छ जसमा २८ जना महिला पुरुषहरु सहभागी भएका थिए ।

३ परियोजना कार्यान्वयन क्षेत्र

- आर्य आजन तथा सीपमुलक तालिमहरु
- स-शक्तिकरण तथा जनचेतना अभिवृद्धि
- स्वास्थ्य, सरसफाई तथा एच.आई.भी. एड्स सम्बन्धी जनचेतनामूलक कार्यक्रम
- समूह र स्थानीय सिविओहरुको संस्थागत क्षमता अभिवृद्धि तालिमहरु
- प्रकोप जोखिम न्यूनिकरण गर्नको लागि प्रकोप व्यवस्थापन सम्बन्धी कार्यक्रम
- विभिन्न नयाँ प्रविधिका साथ नयां उपकरणहरु सहयोग
- संस्थागत विकास
- सम्पर्क-समन्वय

घरेलु तरिका किरा व्यवस्थापन

गाई भैंसीको गहुँत, तितेपानी, सिस्नो, साबुनको झोल आदिको प्रयोगले पनि किरा नियन्त्रण गर्न सकिन्छ ।

१. एक भाग गाई भैंसीको गँहुतलाई पाँच भाग पानीमा मिसाइएको झोल लाही देखिने वित्तिकै छर्कनाले, लाही, लाभ्रे र सुलसुले किराले कम नोक्सान पुऱ्याउँछ तर ३-४ दिनको फरकमा ३ पटक छर्दा निकै प्रभावकारी हुन्छ ।

२. कलिलो सिस्नोको पात कुटेर ७ दिनसम्म अमिलिन दिने र ४ भाग पानीमा मिसाई छर्कनाले आलुको कमिला, लाही र लाभ्रेलाई बढ्न दिदैन ।

३. ३-४ पोटी लसुन २-३ वटा सानो प्याज र २ मुठी सयपत्रीको पात र २ वटा रातो खुर्सानी मिसाई उमालेर निक्लेको ४ लिटर झोल छर्कनाले धेरै प्रकारको बिरुवाका रस चुस्ने किराहरु नष्ट हुन्छन् ।

४. साबुन पानीको झोलमा थोरै मट्टीतेल मिसाएर छर्दा पनि लाही जस्ता कैयौ किराहरु नियन्त्रण भएको पाइएको छ ।

५. निमको पात तथा गेडाबाट निकालिएको झोल प्रयोग गर्दा किरालाई भगाउने, कुनै-कुनै अवस्थामा किरालाई मार्ने र किराको वृद्धिमा पनि रोकिन गई तरकारी बालीमा किराबाट हुने नोक्सानी कम गर्न ठूलो मद्दत पुगेको छ ।

डुबान हुने क्षेत्रहरुमा अग्लो स्थानमा रहेको
सुरक्षित आकस्मिक आश्रय स्थल (स्कुल, सामुदायिक घर, स्वास्थ्य चौकी...) र सुरक्षित बाटोको
पहिचान गरिराखेमा बाढी डुबान हुँदा जीउधन जोगाउन सजिलो हुन्छ ।

खण्ड ग
परियोजना सम्वन्धि विभिन्न विवरणहरु

१ सि.वि.ओ. विकास केन्द्र धनगढी, कैलालीको कार्य समिति नामावली विवरण

क्र.सं	नाम	पद	ठेगाना
१	राधा देवी ओली	अध्यक्ष	गो न पा ८ हरैया
२	चन्की चौधरी	उपाध्यक्ष	धनउमपा १५, उर्मी
३	रुपनारायण चौधरी	सचिव	गौरीगंगा नपा ६ , वनवेहडा
४	मनवारु चौधरी	कोषध्यक्ष	धनउमपा १४
५	सुप्रिना चौधरी	सह सचिव	कैलारी गापा
६	राम सिंह राना	सदस्य	धनउमपा १५, उर्मी
७	प्रेम वोगटी	सदस्य	गो न पा ८ स्याउले
८	गुलावी चौधरी	सदस्य	धनउमपा १४
९	चन्द्र प्रसाद खनाल	सदस्य	गौरीगंगा नपा , वनवेहडा
१०	सुस्मीता चौधरी	सदस्य	कैलारी गापा
११	दल व. दमाई	सदस्य	गो न पा ८ हरैया

२ सि.वि.ओ. विकास केन्द्रमा कार्यरत कर्मचारीहरुको विवरण :

क्र.सं	नाम	पद	ठेगाना
१	ज्ञानु प्रसाद तिवारी	कार्यक्रम व्यवस्थापक	अ.न.पा.-४, कैलाली
२	ईन्दु शाह	लेखा तथा प्रशासन सहायक	धन पा ६ हसनपुर
३	विनोद रावत	सामाजिक परिचालक (जेटिए)	मुनुवा ४ कैलाली
४	हिरण चौधरी	सामाजिक परिचालक	घोनपा २ सिरानगर
५	देव वहादुर वाठामगर	सामाजिक परिचालक	मोहन्याल गापा ५ कटौजे
६	सृजना चौधरी	सिकारु (सामाजिक परिचालक)	साडेपानी
७	रामकृष्णी चौधरी	कार्यालय सहयोगी	धनगढी

३ सदस्य सि.वि.ओहरुको नामावली

क्र.सं.	सि.वि.ओ.हरुको नाम	गा.वि.स.
१	समाज सेवा समिति	चौमाला
२	एकता समाज	श्रीपुर
३	पीडित मुक्ति समाज	गदरिया
४	स्वयम् जागृति समाज	फूलवारी
५	स-शक्तिकरण मुल समिति	उर्मा

४ परियोजनाले ओगटेको लक्षित जनसंख्या र घरधुरी संख्या

क स	गा वि स	समुह संख्या	जम्मा सदस्य संख्या	महिला	पुरुष	दलित	जनजाति	अन्य
१	मोहन्याल	१२	२५५	२२९	२६	४६	१४४	६५
२	पण्डौन	८	१५३	१५०	३	१४	४५	९४
३	साडेपानी	२०	४८८	४५६	३२	६५	३५२	७१
४	रामशिखरझाला	२०	४२७	४२१	६	४१	३१०	७६
	जम्मा	६०	१३२३	१२५६	६७	१६६	८५१	३०६
				95%	5%	13%	64%	23%

५ सि.वि.ओ. तर्फका कर्मचारीहरुको नामावली विवरण:

१	सन्तोषी चौधरी	कार्यक्रम सहजकर्ता	चौमाला-८, वनवेहडा
२	शेरबहादुर बोगटी	कार्यक्रम सहजकर्ता	श्रीपूर-६, गुन्द्रीबजार
३	गोपीलाल चौधरी	कार्यक्रम सहजकर्ता	गदरिया-१, खरुवाखेरा
४	मानबहादुर चौधरी	कार्यक्रम सहजकर्ता	फूलबारी-८, त्रिपन्न
५	माया चौधरी	कार्यक्रम सहजकर्ता	उर्मा ६ उर्मा

६ साझेदार सिविओ सदस्य संस्थाहरुको सम्पर्क विवरण

क्र. सं.	समुदायमा आधारित संस्थाहरु	ठेगाना	मासिक बैठक मिति	अध्यक्षको नाम	सम्पर्क फोन नम्बर
१	समाज सेवा समिती	चौमाला,३ गोप्का	१२ गते	खेमानन्द पौडेल	०९१ ६२१२३०
२	एकता समाज	श्रीपूर, ६ जमुनाभाडी	९ गते	कलावती साउँद	०९१ ६२१२६९
३	पिडीतमुक्ति समाज	गदरिया, ४ गदरिया	१४ गते	कौशिला चौधरी	०९१ ६९०४२५
४	स्वयं जागृति समाज	फूलबारी, ७ डिपोबजार	१३ गते	स्वदेशु चौधरी	०९१ ६९०१४५
५	सशक्तिकरण मूल समिती	उर्मा, ६ उर्मा गाँउ	४ गते	मनिराम जोशी	०९१ ६९०४२४

७ सामुदायिक सदस्य सहकारी संस्थाहरुको सम्पर्क विवरण

क्र. सं.	समुदायमा आधारित संस्थाहरु	ठेगाना	अध्यक्षको नाम	सम्पर्क फोन नम्बर
१	समाज विकास वचत तथा ऋण सहकारी संस्था लि.	चौमाला,३ गोप्का	खेमानन्द पौडेल	०९१ ६२१२३०
२	एकता प्रगति वचत तथा ऋण सहकारी संस्था लि.	श्रीपूर, ६ जमुनाभाडी	कलावती साउँद	०९१ ६२१२६९
३	पिडीतमुक्ति वचत तथा ऋण सहकारी संस्था लि.	गदरिया, ४ गदरिया	कौशिला चौधरी	०९१ ६९०४२५
४	स्वयं जागृति समाज	फूलबारी, ७ डिपोबजार	स्वदेशु चौधरी	०९१ ६९०१४५
५	सशक्तिकरण मूल समिती	उर्मा, ६ उर्मा गाँउ	मनिराम जोशी	०९१ ६९०४२४

खण्ड घ
लेखा परिक्षण प्रतिवेदन

आन्तरिक कोषको संन्तुलित परिक्षण विवरण

बिबरण	**डेबिट**	**क्रेडिट**
बैङ्क मौज्दात	२९८२०.०१	
नगद मौज्दात	१२६२	
नबिकरण खर्च	११८५	
साधारण सभा खर्च	७७८५	
मोटरसाइकल नबिकरण र बिमा खर्च	१५०००	
जग्गा	८०००००	
सापटी फिर्ता		
एकता समाज	८००००	
ज्ञानु प्रसाद तिवारी	२००००	
जगत चौधरी	२५०००	
उमेश थापा	६००००	
प्रेम बोगटी	३५०००	
प्राप्य रकम	२९६९०	
कर्मचारी योगदान		३८२६९.५०
अन्य आम्दानी		२१४००
सि.बि.ओ नबिकरण बापत		२६००
बैङ्क ब्याज		११४०.५८
जग्गा धनी कमला मल्ल बाट		१७५०००
रुपनारायण चौधरीबाट		१९०४०
दायित्व		
कर्मचारी तथा संस्था		२५०५००
जग्गा धनी		२८६५०४
नाफा तथा सम्पत्ति		३१०२८७.९३
जम्मा	**११०४७४२.०१**	**११०४७४२.०१**

संस्थाको आम्दानी खर्च विवरण

बिबरण	**आन्तरिक**	**सुलभ परियोजना**
आम्दानी	२,५७,४४९	५१,४८,२५८.९८
खर्च	२,४३,९७०	४३,६३,४६६.००

संस्थाको सम्पत्ति विवरण

बिबरण	**रकम**
फर्निचर	९,१७२।८
कम्प्यूटर एण्ड प्रिन्टर	९८,६७६.५९

मोटरसाईकल तथा साईकल	२,५७६.९०
सफ्टवेयर	१६,०००.००
अन्य	२३,६३१.९२
जम्मा	१,३४,०५८.२४

जगगा खरिदमा लिएको जम्मा □ण विवरण

सि.न.	सस्था। व्यक्तिको नाम	तिरेको रकम	तिर्न वाकी रकम
१	एकता प्रगति वचत तथा □ण सहकारी श्रीपुर		४५,०००।००
२	एकता समाज श्रीपुर	८०,०००।००	
३	शसक्त वचत तथा □ण सहकारी उर्मा		५५,०००।००
४	समाज विकास वचत तथा □ण सहकारी चौमाला		२५,०००।००
५	पिडितमुक्ति वचत तथा □ण सहकारी गदरिया		३०,०००।००
६	स्वयम जागृति वचत तथा □ण सहकारी फुलवारी		४३,५००।००
७	आदर्श कृषि सहकारी संस्था लि साडेपानी		२०,०००।००
८	प्रेम वोगटी	३५,०००।००	
९	मनवारू चौधरी		१०,०००।००
१०	ज्ञानु प्रसाद तिवारी	२०,०००।००	२२,०००।००
११	उमेश थापा	६०,०००।००	
१२	जगत वहादुर चौधरी	२५,०००।००	
	जम्मा	२,२०,०००।००	२५०,५००।००

आगामी आ व २०७५।०७६ का लागी प्रस्तावित वजेट विवरण

सि.न.	शिर्षक	आम्दानी	खर्च
१	कर्मचारी योगदान	३६,९३६।००	
२	अन्य आम्दानी	१०,०००।००	
३	स्वच्छीक सहयोग	१५,०००।००	
४	सिविओ नविकरण	६,०००।००	
५	संस्था नविकरण		२,०००।००
६	वार्षिक साधारण सभा खर्च		१०,०००।००
७	□ण खर्च		४०,०००।००
	जम्मा	६७,९३६।००	५२,०००।००

आगामी आ व २०७४।०७५ का लागी परियोजनागत प्रस्तावित वजेट विवरण

सि.न.	शिर्षक	आम्दानी	खर्च
१	विकास कोष नर्वे (सुलभ परियोजना)	४,२००,०००।००	४,२००,०००।००
	जम्मा	४,२००,०००।००	४,२००,०००।००

फोटो झलकहरू